**नेपाल नगरपालिका संघ**
**कर्मचारी आवश्यकता म्याद थप सम्बन्धी सूचना**
**मिति २०८१ भदौ २० गते विहिबार**

**नेपाल नगरपालिका संघको कर्मचारी प्रशासन नियमावली, २०५८ बमोजिम देहायको पदमा पदपूर्ति गर्नुपर्ने भएकोले निम्न बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिएकोमा यो सूचना प्रकाशित भएको मितिले पुन: १५ (पन्ध्र) दिन म्याद थप गरिएको छ । तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले संघको इमेल** vacancymuan1@gmail.com **मार्फत आवेदन दिन आह्वान गरिन्छ ।**

**१. पदको विवरण**

**पद:** पैरवी तथा प्राविधिक सहयोग प्रवन्धक

**आवश्यक संख्या :** १ (एक) जना

**सेवाको प्रकृती:** करार

**२. न्यूनतम शैक्षिक योग्यताः** (१) शहरी वा ग्रामिण विकास, कानुन, जनसंख्या शास्त्र, विकास अध्ययन वा सो सरह विषयमा स्नातकोत्तर उत्तिर्ण गरी सम्बन्धित क्षेत्रमा कम्तिमा पाँच (५) बर्षको अनुभव

**३. आवस्यक योग्यता/ अनुभवः**

- नेपालको संविधान, संघीयता, स्थानीय सरकार अन्तर–सन्बन्धित विषयको ज्ञान र कार्य अनुभव
- तहगत सरकारका नीति, कार्यक्रम, सुशासन, वित्तीय अनुशासन विषयको नीतिगत र प्राविधिक ज्ञान
- नगरपालिकामा शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई, वातावरण, विपद्, स्रोत परिचालन, कृषि, बन, उर्जा लगायत विविध क्षेत्रसँग सम्बन्धित नीतिगत र कार्यगत अनुभव
- कम्प्युटरमा डिप्लोमा वा एमएस अफिस र युनिकोड लगायत कम्प्युटरमा दक्षता भएको

**४. प्रमुख कायक्षेत्र र जिम्मेवारीः**

- स्थानीय सरकारका विविध क्षेत्रमा तथ्याङ्क र अभिलेखीकरणका माध्यमबाट पैरवी र प्राविधिक सहयोगकालागि दस्तावेज तयारी गर्ने ।
- स्थानीय सरकारका कानून कार्यान्वयनमा सहजिकरण गर्न संघ तथा प्रदेश सरकारका विधेयकमा अध्ययन गरि सुझाव दिन दस्तावेज तयारी गर्ने ।
- नगरपालिकाहरुका लागि संघमा संचालित परियोजना संचालन गर्न कार्यकारी निर्देशकलाई आवश्यक सहयोग गर्ने र सम्बन्धित कर्मचारीलाई परामर्श सहयोग दिने ।
- संघको रणनीतिक योजनाका प्राथमिकता अनुसार कार्यक्रम, परियोजना प्रस्ताव तयार गर्ने र सम्पन्न परियोजनाका प्रतिवेदन अन्तिम मस्यौदा तयार गर्ने ।
- विभिन्न कार्यदल, समितिहरुमा प्रतिनिधित्वकालागि धारणा पत्र तयार गर्ने र स्थानीय सरकारका पक्षमा वकालत र आवश्यक विज्ञप्ती, ध्यानाकर्षण, घोषणा पत्र, प्रतिवेदन, परियोजना प्रस्ताव तयार गर्ने ।
- अन्य सम्बन्धित तोके बमोजिमका कार्य गर्ने ।

**५. आवश्यक कागजातहरुः**

- निवेदन तथा वैयक्तिक विवरण र फोटो, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, अनुभव/तालिमको प्रमाणपत्रको प्रतिलिपि

**६. काम गर्नुपर्ने स्थानः** नेपाल नगरपालिका संघको कार्यालय, काठमाडौं
**७. परीक्षा प्रणालीः** सर्ट लिस्ट भएका उम्मेदवारलाई लिखित, प्रस्तुतीकरण र अन्तवार्ता
**८. उमेर हदः** २१ बर्ष पुरा भई पुरुष भए ४० र महिला भए ४५ बर्ष ननाघेको
**९. पारिश्रमिकः** नेपाल नगरपालिका संघको नियमानुसार तलब सुविधा
**१०. छनोट गर्ने अधिकारः** उम्मेदवार छनोट गर्ने अन्तिम अधिकार संघलाई हुनेछ